# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, पुस १६ गते २०४१ साल (अतिरिक्ताङ्क ५० (क)


## भाग ४

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन राष्ट्रिय बचतपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरिएको छ।

यो बचतपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, ब्याज दर, ब्याज भुक्तानी दिने समय, खरीद गर्न पाउनेहरूको किसिम र अन्य शर्तहरू निम्नबमोजिम कायम गरिएको छ।

१. बचतपत्रको नामः यो बचतपत्रको नाम "राष्ट्रिय बचतपत्र, २०५६ "क" रहेको छ।

२. बचतपत्रको उद्देश्यः श्री ५ को सरकारले देशको अर्थतन्त्रमा छरिएर रहेका स-साना बचतहरूलाई अधिकतम रूपमा परिचालन गरी विकास खर्चको निमित्त बढ्दै गएको वित्तीय साधनको आवश्यकता पूरा गर्न यो बचतपत्र निष्काशित गरेको छ।

३. बचतपत्रको रकमः यो बचतपत्रको जम्मा रकम रू. १०,००,००,०००।– (रू. दश करोड मात्र) को हुनेछ।

४ बचतपत्रको व्ययभारः यो बचतपत्रको व्ययभार श्री ५ को सरकारको सर्वसंचित कोषप्रति हुनेछ।

638

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. बचतपत्रको प्रकारः यो बचतपत्र कम्तीमा रू. १००।– वा १००।– को गुणनफल (Multiple) ले भाग गर्दा निःशेष हुने जतिसुकै माथिको रकममा दिइनेछ।

६. बिक्री अवधिः यो बचतपत्रको बिक्री अवधि २०४१ साल पौष १६ गतेदेखि ऐ ३० गतेसम्म जम्मा १५ दिनसम्म हुनेछ। तर म्याद अगावै बिक्री भई पूरा निष्काशित रकम उठेमा बिक्री बन्द गर्न सकिनेछ। साथै बिक्री हुन बाँकी रहेमा सो खुला राखी बिक्री गरिनेछ। आर्थिक वर्षको अन्तसम्म पनि बिक्री हुन बाँकी रहेमा श्री ५ को सरकारको सहमतिमा नेपाल राष्ट्र बैङ्कले खरीद गर्ने वा फ्रिज गर्नेछ।

७ बिक्री मूल्यः बचतपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्य (Face value) मा बिक्री गरिनेछ।

८. बचतपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः–

(क) बचतपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयहरूमा दरखास्त दिई खरीद गर्न सकिनेछ।

(ख) उप-दफा (क) बमोजिम दरखास्त दिंदा जतिको बचतपत्र खरीद गर्न चाहेको छ, त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसिद दरखास्त साथै पेश गर्नु पर्नेछ।

(ग) दरखास्त फाराम निःशुल्क पाइनेछ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार : निष्काशित गरेको रकमभन्दा बढी रकमको दरखास्त प्राप्त हुन आएमा श्री ५ को सरकारको सहमति लिई निष्काशित रकममा १० प्रतिशतमा नबढाई थप बिक्री गर्न सकिनेछ।

१०. बाँडफाट गर्ने अधिकार : प्राप्त रकमको बाँडफाट गर्ने अधिकार नेपाल राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ।

११. स्वीकृत नभएको बचतपत्रको रकम फिर्ता हुने : सम्पूर्ण निष्काशित रकमभन्दा बढी रकमको दरखास्त पर्न आएमा स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट नियमानुसार यथाशीघ्र विना व्याज दरखास्तवालालाई फिर्ता गरिनेछ।

१२. स्वीकृत रकमको प्रमाणपत्र दिने : स्वीकृत भएको बचतको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालालाई मागअनुसार दिइनेछ। तर दरखास्तमा सो कुरा उल्लेख नगरेमा बचतपत्र स्टककै रूपमा दिइनेछ र प्रमिसरी नोट सर्वसाधारण व्यक्तिहरूलाई मात्र दिइनेछ।

680



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. बचतपत्रको व्याजः बचतपत्रको व्याज नेपाल राष्ट्र बैंङ्क वा सो बैङ्कको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैङ्कहरू र बैङ्किङ्ग कारोबार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत रकम बुझेर लिएको मितिदेखि नै वार्षिक १३ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा दिइनेछ ।

१४. बचतपत्रको साँवा भुक्तानीः यो बचतको साँवा भुक्तानी २०५६ साल माघ १ गतेपछि दिइनेछ ।

१५. बचतपत्रको भुक्तानी दिने ठाउँ : यो बचतको साँवा र व्याज दरखास्तवालाको सुविधाअनुसार राष्ट्र बैङ्क वा वाणिज्य बैङ्कहरू तथा बैङ्किङ्ग कारोबार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१६. बचतसम्बन्धी व्यवस्था : यो बचतको व्यवस्था र तत्सम्बन्धी सबै काम कारवाही नेपाल राष्ट्र बैंङ्क, राष्ट्र ऋण विभागले गर्नेछ ।

१७. बचतपत्र खरीद गर्ने अधिकार : यी बचतपत्रहरू खरीद गर्ने अधिकार सर्वसाधारण जनताका साथै गैरबैङ्किङ्ग क्षेत्रका दीर्घकालीन बचत परिचालन गर्ने संस्थाहरू जस्तै कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान, मुनाफा कमाउने उद्देश्य नभएका सामाजिक, धार्मिक र शैक्षिक संस्थाहरू जस्तै सामुदायिक समन्वय परिषद् र यसअन्तर्गत दर्ता भएका संघ संस्थानहरूका साथै अधिकृत गुठीहरू, स्वास्थ्य सेवासम्बन्धी संस्थाहरू, विद्यालयहरू र कानूनी रूपमा मुनाफा कमाउने उद्देश्य नभएका भन्ने उल्लेख गरी स्थापित संस्थाहरूले समेत यो राष्ट्रिय बचतपत्र खरीद गर्न सक्नेछन् ।

१८. कर नलाग्नेः यो बचतपत्रबाट प्राप्त व्याजमा आयकर छुट दिइएको छ ।

१९. बचतपत्रसम्बन्धी कानूनी कारवाही : यो बचतपत्रसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

## सूचना २

राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रिय ऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरिएको छ ।

यो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. ऋणको नामः यस ऋणको नाम "विकास ऋण, २०५२ "क" रहेको छ ।

२. ऋणको उद्देश्यः विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकमः यो ऋणको जम्मा रकम रू. १५,००,००,०००।– (रू. पन्ध्र करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभारः यो ऋणको व्ययभार श्री ५ को सरकारको सर्वसंचित कोष प्रति हुनेछ ।

५. ऋणको प्रकारः यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५ को गुणन फल (Multiple) ले भाग गर्दा निःशेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–,१,०००।–,१०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋणपत्रको बिक्री अवधिः यो ऋणपत्रको बिक्री अवधि २०४१ साल पौष १६ गतेदेखि पौष ३० गतेसम्म जम्मा १५ दिनसम्म हुनेछ । तर सो समय अगावै बिक्री भई पूरा निष्काशित रकम उठेमा बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्यः ऋणपत्र माग गरेबमोजिम पूरापूर मूल्य (Face value) मा बिक्री गरिनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसिद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः निष्काशित रकमभन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१० बाँडफाँट गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँट गर्ने अधिकार नेपाल राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११ स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ। यसरी फिर्ता भएको रकममा ब्याज दिइनेछैन ।

682



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने: स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको मागअनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको व्याज: ऋणको व्याज नेपाल राष्ट्र बैङ्क वा यस बैङ्कको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैङ्कहरू तथा वाणिज्य बैङ्किङ्ग कारोवार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत रकम बुझिलिएको मितिदेखि नै वार्षिक १०½ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा व्याज दिइनेछ ।

१४. वाणिज्य बैङ्कहरूले खरीद गर्ने सम्बन्धमा: वाणिज्य बैङ्कहरूले र अन्य वित्तीय संस्थानहरूले आफ्नो नाममा खरीद गर्न चाहेमा पायक पर्ने नेपाल राष्ट्र बैङ्कको कार्यालय वा से.ख.बि. केन्द्रमार्फत खरीद गर्नु पर्नेछ ।

१५. ऋणको साँवा भुक्तानी: यो ऋणको साँवा भुक्तानी २०५२ साल माघ १ गते देखि दिइनेछ ।

१६. ऋणको भुक्तानी दिने ठाउँ: यो ऋणको साँवा र व्याज दरखास्तवालाको सुविधा-अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेण्ट सरह काम गर्ने वाणिज्य बैङ्कहरू र बैङ्किङ्क कारोबार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१७. ऋणसम्बन्धी व्यवस्था: यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाही नेपाल राष्ट्र बैङ्क, राष्ट्र ऋण विभागले गर्नेछ ।

१८. ऋणपत्र खरीद गर्ने अधिकार: यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्ति, बैङ्क वा संस्थाहरूलाई हुनेछ ।

१९. कर नलाग्ने: यो ऋणबाट प्राप्त व्याजमा आयकर छुट दिइएको छ ।

२०. ऋणसम्बन्धी कानूनी कारवाही: यो ऋणसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु.सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

643

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

684

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।